नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी अस्पताल, महाराजगञ्ज

मेडिकल डाईरेक्टर
( डा. आशा सिंह )
प्रहरी अतिरिक्त महानिरीक्षक

# नेपाल प्रहरी अस्पताल, महाराजगन्जको सूचना !!

प्रथम पटक सूचना प्रकाशित गरिएको मितिः– २०७८।१०।०७ गते।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ संक्रमण दिनानुदिन बढी रहेको सन्दर्भमा नेपाल प्रहरी अस्पताल, महाराजगन्जमा कोभिड-१९ संक्रमित विरामीहरुको उपचारको साथसाथै अन्य विरामीहरुको समेत उपचार गर्नु पर्ने अवस्थालाई मध्यनजर गरी **कोभिड-१९ रोकथाम तथा नियन्त्रण** कार्यका लागि विद्यमान जनशक्ति अपुग भई करार सेवामा **स्टाफ नर्स-२७(सत्ताइस)** र सरसफाई गर्नेतर्फ **सहयोगी-१०(दश)** जना कर्मचारीहरु नियुक्ति गर्नु पर्ने भएकोले ईच्छुक निम्न योग्यता भएका व्यक्तिहरूले तोकिएको मितिमा नेपाल प्रहरी अस्पताल, महाराजगन्जको कर्मचारी प्रशासन शाखा(०१-४४१२५३० Ext. No.१२२) मा सम्पर्क राखी आवेदन दिनका लागि यो सूचना प्रकाशित गरिएको छ। विस्तृत विवरण नेपाल प्रहरी अस्पताल, महाराजगन्जको कर्मचारी प्रशासन शाखाबाट उपलब्ध गर्न सकिने व्यहोरा समेत जानकारी गराइएको छ।

**निम्नः**

**१. आवश्यक पद**

| सि.नं. | पद | संख्या |
|---|---|---|
| १. | **स्टाफ नर्स** | २७ |
| २. | **सहयोगी** | १० |

**२. आवश्यक न्यूनतम शैक्षिक योग्यताः-**

**क. स्टाफ नर्सको लागिः** त्रि.वि.वि.वा मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तिर्ण गरि सम्बन्धित काउन्सिलमा दर्ता भएको।

**ख. सहयोगीको लागिः** सरसफाई सम्बन्धी कार्यहरु गर्न सक्ने/ शारीरिक रुपमा स्वस्थ रहेको।

**३. आवेदकले निवेदनसाथ समावेश गर्नुपर्ने कागजातहरूः–**

- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि।
- हालसालै खिचेको दुवै कान देखिने पासपोर्ट साइजको फोटो २ प्रति।
- एस.एल.सी./एस.ई.ई.उत्तिर्ण पश्चात PCL Nursing वा सो सरह पास गरेको सम्पूर्ण प्रमाण-पत्रहरुको प्रमाणित प्रतिलिपिहरू ( **स्टाफ नर्सको लागि मात्र**)।
- सम्बन्धित काउन्सिलमा दर्ता गराएको प्रमाण–पत्रको प्रमाणित प्रतिलिपि( **स्टाफ नर्सको लागि मात्र**) ।

**४. दरखास्त फाराम पाइने र बुझाउने स्थानः-** नेपाल प्रहरी अस्पताल, कर्मचारी प्रशासन शाखा, महाराजगन्ज।

**५. दरखास्त फाराम दर्ता मितिः-** २०७८।१०।०७ गतेदेखि २०७८।१०।११ गतेसम्म, विहान १०:०० बजेदेखि दिनको १६:०० बजेसम्म ( सार्वजनिक विदाको दिन बाहेक )

**६. छनौट विधिः** निवेदकको योग्यता, दक्षता एवं अनुभव हेरी पहिला आउनेलाई पहिलो प्राथमिकतामा राखी सम्बन्धित विषयको विशेषज्ञ सहितको छनौट समितिले अन्तरवार्ताद्वारा छनौट गरिने।